अक्टोबर ९, २०२३

विषय: केही आफू भन्दा ठूलो कुराको हिस्सा बन्नुहोस्, *Partner in Giving* बन्नुहोस् !

सहकर्मीहरू,

हाम्रो क्याम्पसको भावनाको मुख्य आधार रहेका विस्कन्सिनको स्वयम्सेवा र उदारताको परम्पराहरूको अभिव्यक्तिको रूपमा हरेक शरद सेमेस्टरमा, *UW–Madison* वार्षिक *Partners in Giving (PinG)* अभियानमा भाग लिने गरेको छ। *Partners in Giving*—राज्य, *UW* र डेन काउन्टीको *UW* स्वास्थ्य कर्मचारीहरूको संयुक्त अभियान (*UW Health Employees Combined Campaign of Dane County*) ले—हामीलाई परोपकारी योगदान मार्फत हाम्रो समुदायको ख्याल राख्ने अवसर प्रदान गर्दछ। सन् १९७३ देखि, यस अभियानले सामूहिक रूपमा $८७ मिलियन भन्दा बढी उठाएको छ, गत वर्ष लगभग $२ मिलियन सहित !

यस वर्ष, हाम्रो अभियानको विषयवस्तु "केही आफू भन्दा ठूलो कुराको हिस्सा बन्नुहोस् (*Be Part of Something Bigger*)" रहेको छ—हामी एकजुट हुँदा हाम्रो परोपकारी योगदानहरूले समुदायमा ल्याउन सक्ने प्रभावप्रतिको सलामी। सामूहिक रूपमा, हाम्रो योगदानहरूले हाम्रो समर्थन आवश्यक हुने हाम्रा सहकर्मीहरू र छिमेकीहरू लगायत अरूहरूको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्ने क्षमता छ।




यस कार्यस्थल योगदान अभियान मार्फत, तपाईंले आफ्नो योगदान कुन संस्था वा संस्थाहरूले पाउने छान्नुहुन्छ र तपाईंलाई आफ्नो योगदानलाई तपाईंले सबैभन्दा बढी ख्याल गर्ने परोपकारी उद्देश्यहरू तर्फ निर्देशित गर्न अनुमति दिनुहुन्छ। *PinG* १० वटा छाता संगठनहरूसँग मिलेको छ जसले ५०० भन्दा बढी व्यक्तिगत परोपकारी संस्थाहरूलाई एउटै छानामुनि ल्याउँदछ। हाम्रो स्थानीय समुदायमा, वा राज्य, राष्ट्र र विश्वभरका संगठनहरू मार्फत कहाँ प्रभाव पार्न चाहनुहुन्छ भन्ने तपाईं आँफैले रोज्नुभएर निर्णय लिनुहुन्छ! सबै सहभागी परोपकारी संस्थाहरूको पूर्ण सूचीको लागि, यहाँ थिच्नुहोला।

यस वर्षको अभियानको सक्रिय चरण अक्टोबर ९ देखि नोभेम्बर ३० सम्म चल्नेछ तर योगदान मे १४, २०२४ सम्म सम्भव र स्वागत छ। हामी तपाईंलाई अन्लाईन मार्फत प्रतिज्ञा गर्न प्रोत्साहन गर्दछौं, यद्यपि हुलाक मार्फत पठाइएका योगदानहरू पनि स्वीकार गरिन्छ। योगदान गर्न सक्नुहुने सबै तरिकाहरू बारे थप यो वेबसाईट मार्फत जानकारी पाउन सक्नुहुन्छ।

यस वर्ष फेरि जारी राख्दै, तपाईंलाई अभियानको अन्त्यसम्म हरेक मङ्गलबार हुने भर्चुअल *Charity Lunch and Learns* को शृङ्खलामा निमन्त्रणा प्रदान गर्न चाहन्छौं। तपाईंको योगदानले समर्थन गर्न सक्ने अत्यावश्यक सेवाहरूको बारेमा थप जान्न समुदायमा प्रभाव पार्ने संस्थाहरूबाट सीधै सुन्नको लागि यो ठूलो अवसर हो।

हामी तपाईंलाई *PinG* अभियान मार्फत भएको सामूहिक प्रभावको हिस्सा बन्न निमन्त्रणा गर्न पाउँदा गर्व गर्दछौं, तर हामीलाई यो पनि थाहा छ कि *Badger* हरूले समुदायमा योगदान गर्ने धेरै तरिकाहरू छन् जुन आर्थिक योगदान र यो अभियानभन्दा बेग्लै छन्। हामी हाम्रा *UW–Madison* सहकर्मीहरूले व्यापक समुदायमा योगदान गर्ने धेरै तरिकाहरूको सम्मान गरेर मनाउन चाहन्छौं। या यस अभियानलाई सम्भव बनाउनको लागि समय र प्रतिभाको योगदान गरेर, *PinG* बाहिरका परोपकारी उद्देश्यलाई योगदान गरेर वा तपाईंले ख्याल गर्ने परोपकारी उद्देश्यका संस्थाहरूमा स्वयंसेवा गर्नुभएर होस्, तपाईंले गर्नुभएका सबै योगदानका लागि हामी तपाईंलाई धन्यवाद दिन चाहन्छौं !

*Badgers* हरूले लामो समयदेखि विस्कन्सिन विचार (*Wisconsin Idea*)—जीवन सुधार गर्ने हाम्रो काम हाम्रो क्याम्पसको सिमानाभन्दा बाहिर पुग्नुपर्दछ भन्ने अटल विश्वास—मा साझा उद्देश्य फेला पारेका छन्। *Partners in Giving* मा तपाईंको सहभागिताले हेरचाह र प्रभावको त्यो परम्परालाई जारी राख्ने एउटा तरिका हो। तपाईंको निरन्तर उदारता र समर्थन मार्फत हामी सबै 'केही आफू भन्दा ठूलो कुराको हिस्सा बन्न' सक्नेछौं।

भवदीय,

Charles Isbell
शैक्षिक मामिलाका प्रोभोस्ट र उपकुलपति

Rob Cramer
अर्थ र प्रशासनका उपकुलपति

*को बारेमा प्रश्नहरू छन् वा सहयोगको आवश्यकता छ ? विश्वविद्यालय अभियान समन्वय समितिलाई सम्पर्क गर्नुहोस्*